द.नं. २९०, श्रम विभाग काठमाडौं
स्थायी लेखा नं. ३०२४८४२९६ (आयकर छुट प्रमाण-पत्र प्राप्त)

नेपाल अडिटर्स एशोसिएसन (अडान)
Auditors' Association of Nepal
Office of the Central Committee, New Baneshwor, Kathmandu, Nepal

# प्रेस विज्ञप्ती

**काठमाडौं, २०८० श्रावण २० ।**

**सिटिईभिटिसँग मिलेर अडानले एकाउन्टेन्ट उत्पादन गर्ने काम थालेकोमा खुसी व्यक्त गर्दै सरकारबाट भरपूर सहयोग गर्ने -अर्थमन्त्री डा.प्रकाश शरण महत**

**लेखापरीक्षकमा पेशागत मुद्दामा अडान दत्तचित्त भइ काम गरिरहेको -अडान अध्यक्ष केदारनाथ पौडेल**

**सिटिईभिटिबाट अडानलाई छोटो अवधिको प्रोफेसनल एकाउन्टेन्टको तालिम कार्यक्रम संचालनका लागि स्विकृती प्राप्त**

**अडानको जन्मदिन भएकाले केक काटेर एकअर्कामा खुशी साटासाट**

नेपाल अडिटर्स एशोसिएशन (अडान)को १८ औं स्थापना दिवस बिभिन्न कार्यक्रम गरी सम्पन्न भएको छ । देशब्यापीरुपमा साप्ताहिका रुपमा मनाइएको अडान डे मा राज्यको आर्थिक क्षेत्रमा भएका समस्याहरु, लेखाव्यबसायीले झेल्नु परेका बिभिन्न बिषयमा गोष्ठी, अन्तरक्रिया, सामाजिक सहयोग, सहकार्य लगायतका कार्यक्रमहरु आयोजना गरिएका छन् । सोही अवसरमा काठमाडौंमा पहिलो दिवा शत्रमा ३ वटा कार्यपत्रहरु प्रस्तुत गरि शेसन संचालन गरिएको छ भने सांझ अर्थमन्त्रीको प्रमुख आतिथ्यतामा अडान डे कार्यक्रम सम्पन्न गरिएको छ। कार्यक्रममा झण्डै ६०० को संख्यामा रहेका लेखापरीक्षक एवं लेखापालहरुको ठूलो उपसिथिती रहेको थियो ।

पहिलो शेसनमा करका दरमा वारम्वार हुने परिवर्तनले लगानीमा परेको जोखिम (Frequently changes in Tax policies, confusion in Entrepreneur and way forward), साना तथा मझौला निकायमा वित्तीय प्रतिवेदनमान, वर्तमान अवस्था र आगामी कार्य (Implementation of NFRS for SME's, Present scenario and way forward), र पछिल्लो आर्थिक स्थिति र मौद्रीक नीतिको ब्यवस्था (Recent developments in the economy and monetary policy) का शेसनहरु संचालन भएको थियो । अडानका अध्यक्ष श्री केदारनाथ पौडेलको अध्यक्षतामा संचालित सो शेसनहरुमध्ये करका दरमा वारम्वार हुने परिवर्तनले लगानीमा परेको जोखिम शेसनको अध्यक्षता आन्तरिक राजश्व बिभागका महानिर्देशक श्री दिर्घराज मैनाली, साना तथा मझौला निकायमा वित्तीय प्रतिवेदनमान, वर्तमान अवस्था र आगामी कार्य शेसनको अध्यक्षता आईक्यानका अध्यक्ष श्री सुजन कुमार काफ्ले र पछिल्लो आर्थिक स्थिति र मौद्रीक नीतिको ब्यवस्था शेसनको अध्यक्षता राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष प्रो.डा.श्री पुष्पराज कँडेलले गर्नुभएको थियो ।

करका दरमा वारम्वार हुने परिवर्तनले लगानीमा परेको जोखिम (Frequently changes in Tax policies, confusion in Entrepreneur and way forward) शेसनमा कर बिज्ञ श्री शेषमणि दाहाल, साना तथा मझौला निकायमा वित्तीय प्रतिवेदनमान, वर्तमान अवस्था र आगामी कार्य (Implementation of NFRS for SME's, Present scenario and way forward) एकाउन्टिङ. बोर्डका सदस्य श्री अरुण कुमार राउत र लेखा बिशेषज्ञ श्री प्रबिण राज काफ्ले र मौद्रीक नीतिको ब्यवस्था (Recent developments in the economy and monetary policy) शेसनमा नेपाल राष्ट्र बैंकका निर्देशक डा. राम शरण खरेलले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। कार्यपत्र माथि नेपाल उद्योग बाणिज्य महासंघ(FNCCI) का कर तथा राजश्व परामर्श समितिका संयोजक श्री अम्बिका प्रसाद पौडेल, कर बिज्ञ तथा कर्पोरेट लयर श्री तिलक बिक्रम पाण्डे, कर बिज्ञ श्री शैलेन्द्र उप्रेती, आईक्यान तथा एकाउन्टीङ्ग बोर्डका पूर्ब अध्यक्ष श्री महेश खनाल, अडानका संस्थापक अध्यक्ष श्री कमल खेरल, नेपाल उद्योग बाणिज्य महासंघ(FNCCI) निर्यात प्रबर्धन समिति का अध्यक्ष श्री नरेश लाल श्रेष्ठ, CNI राष्ट्रिय परिषद सदस्य छाँया शर्मा, राजनितिक अर्थशास्त्री डा. हरी रोका, ICAN का पूर्व अध्यक्ष श्री मदन कृष्ण शर्मा, नेपाल उद्योग परिसंघका सदस्य श्री अनल राज भट्टराई ले टिप्पणी गर्नुभएको थियो । राष्ट्बैकले ल्याउने मौद्रिक नीति जनतामा जोडिन नसकेकोले आगामी दिनमा नीतिहरु बन्दा बढी ध्यानदिनु पर्ने बताइएको थियो ।

**माननीय अर्थमन्त्रि श्री डा. प्रकाशशरण महतज्यूले लेखापरीक्षकहरुको काम भनेको पारदर्शिताको लागि हो । हिसाबकिताब चुस्त दुरुस्त राख्न एकाउन्टेन्टहरुको महत्वपूर्ण भूमिका भएजस्तै हिसाब जाच गर्न अडिटरहरुको महत्वपूर्ण भूमिका रहने बताउनु भयो । सामान्य हिसाब किताब राख्न समेत नसक्नेहरुलाई मध्यनजर गरि सिटिईभिटिसँग मिलेर अडानले काम गर्न थालेकोमा खुसी व्यक्त गर्दै सरकारबाट भरपूर सहयोग हुने बताउनु भयो । साथै देशमा केहि सम्भावना छैन् भन्ने नकारात्मक भावना हटाई हामीसंग भएका अवसरहरुलाई उपयोग गरि सकारात्मक भावना बढाउन सबैमा आवहान गर्नु भयो ।**

**अडानका अध्यक्ष केदारनाथ पौडेलले वर्तमान अवस्थामा अडिटरहरुले भोगिरहेका जल्दाबल्दा समस्या, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको नया बन्ने ऐनमा प्रादेशिक संरचना सहित रजिष्टर्ड अडिटर्सका सम्बन्धमा स्पष्ट समान बिभेदरहित व्यवस्था हुनुपर्ने लगायतका मुद्धा समाधानका लागि सरकारसगँ माग गर्नु भयो । साथै सबै सदस्यहरुको हकहित र चुनौतिका सम्बन्धमा संस्था प्रतिबद्ध रहेको, प्राविधिक शिक्षा तथा ब्यावसायिक तालिम परिषद (सिटिईभिटि)संग नेपाल अडिटर्स एशोसिएसन अडानलाई प्रोफेशनल एकाउन्टेन्टको छोटो अवधिको तालिम कार्यक्रम संचालन गर्न स्विकृती प्राप्त भएको जानकारी समेत गराउँदै नियमानुसार प्रक्रियागत रुपमा तालिम संचालन गरि राष्ट्रलाई महत्वपुर्ण योगदान गर्न क्रियाशिल रहेको जानकारी गराउनुभयो ।**

१८ औं अडान डे को अवसरमा माननीय अर्थमन्त्री डा. श्री प्रकाशशरण महतज्यू को प्रमुख आतिथ्यतामा कार्यबाहक महालेखापरीक्षक श्री महेश्वर काफ्ले, आईक्यानका अध्यक्ष श्री सुजन कुमार काफ्ले, नेपाल उद्योग परिसंघका अध्यक्ष श्री राजेश कुमार अग्रवाल, नेपाल उद्योग बाणिज्य महासंघका उपाध्यक्षहरु श्री सुरकृष्ण बैद्य र श्री हेम राज ढकाल, एक्यानका अध्यक्ष श्री दिपक पाण्डे, लगायतले शुभकामना दिनुभएको थियो । कार्यक्रममा अडिटिङ्ग स्टाण्डर्ड बोर्डका अध्यक्ष श्री अनुप कुमार श्रेष्ठ, अडानका निवर्तमान अध्यक्ष श्री मोहनराज रेग्मी, संस्थापक अध्यक्ष श्री कमल खरेल, नेपाल चेम्बर अफ कमर्सका टिकाराम शर्मा लगायतको उपस्थिती रहेको थियो । कार्यक्रमको अध्यक्षता अडानका अध्यक्ष केदारनाथ पौडेल, सञ्चालन महासचिव प्रेम बहादुर श्रेष्ठ र धन्यवादज्ञापन अठारौ अडान डे तयारी समितिका संयोजक एबं वरिष्ठ उपाध्यक्ष श्री बद्री प्रसाद भट्टराईले गर्नु भएको थियो । साथै आईक्यानको नवौं परिषदबाट निर्वाचित अध्यक्ष श्री  अध्यक्ष श्री सुजन कुमार काफ्ले र उपाध्यक्ष श्री प्रबिण कुमार झा लाई बधाई तथा शुभकामना ज्ञापन गरिएको थियो ।

आईक्यान अध्यक्ष श्री सुजन कुमार काफ्लेले अडानसँग सहकार्य गरेर अडिटर्सका समस्याहरु समाधान गर्न लागि पर्ने प्रतिबद्धता जनाउनु भयो । वहाले एनएफआरएस फर एसएमईज लागु गराउन निशूल्क श्रोत ब्यक्ति उपलब्ध गराउन समेत तयार रहेको बताउनु भयो ।

सो कार्यक्रममा जीवन विज्ञानका एल.पी. भानु शर्माद्धारा Motivational Speech दिई सहभागिहरुलाई हौसला प्रदान गनुभएको थियो ।

अन्त्यमा “अडान डे” को अवसरमा १९ गते उपत्यकामा पदयात्रा कार्यक्रम गरिएको थियो ।  उपत्यका समन्वय समितिले आयोजना गरेको रक्तदानमा झण्डै ७० जनाले रक्तदान गरेका थिए । आजै मुलुकभरका जिल्ला तथा प्रदेश समितिहरुले अन्तरक्रिया, सेमिनार, गोष्ठी, रचनात्मक सामाजिक उतरदायित्वका क्रियाकलाप रक्तदान, बृद्धबृद्धाहरुलाई खाना खुवाउने, दीप प्रज्वलन, असहायहरुलाई कपडा बितरण, फलफुल, स्टेशनरी बितरण गरियो । अन्त्यमा अडानको जन्मदिन भएकाले केक काटेर एकअर्कामा खुशी साटासाट गरि अडानको १८ औं स्थापना दिवस सम्पन्न भएकोछ ।

मितिः-२०८०/०४/२०
(डोल प्रसाद दाहाल)
प्रथम उपाध्यक्ष एवं
संयोजक, प्रचार प्रसार विभाग

Auditors' Association of Nepal
audan
Regd. No.:139/2063
Office of the Central Committee, Kathmandu